पाठ १६

१. कयिन र तिनका दरसन्तानहरू के का निम्ति जिएका थिए

- तिनीहरू केवल मोजमज्जा, पैसा र भौतिक सम्पत्तिको निम्ति जिएका थिए ।

२. किनभने कयिनले हाबिलको हत्या गरेको हुनाले के शैतानले परमेश्वरलाई उहाँले गर्न भनेर निर्णय गरेका कुराहरू गर्नबाट रोक्यो ?

- रोकेन ।
- कसैले पनि परमेश्वरलाई उहाँले गर्न भनि निर्णय गरेका कामहरू गर्नबाट रोक्न सक्दैन ।

३. किनभने कयिनले हाबिलको हत्या गरेको हुनाले के परमेश्वरले उद्धारकर्ता पठाउने भनी आफूले गर्नुभएको प्रतिज्ञा भुल्नुभयो ?

- भुल्नुभएन ।
- परमेश्वरले कहिल्यै पनि उहाँले गर्नुभएको प्रतिज्ञा भुल्नुहुन्न ।

४. परमेश्वरले किन आदम र हव्वालाई अर्को छोरा दिनुभयो जसको नाम शेत थियो ?

- किनभने कयिनले हाबिलको हत्या गरे त्यसैले परमेश्वरले शेतको वंशबाट उद्धारकर्ता पठाउने निर्णय गर्नुभयो ।

५. आदम र हव्वा किन मरे ?

- किनभने  आदम र हव्वाले परमेश्वरको आज्ञा उल्लङ्घन गरे र शैतानले भनेको कुरा माने ।

६. सबै मानिसहरू किन मर्छन् ?

- हाम्रो पापको कारणले गर्दा ।

७. परमेश्वरले पापको निम्ति तोक्नुभएको दण्ड के हो ?

- मृत्यु

८. हनोकले आफ्नो बारेमा के थाहा पाए ?

- हनोकलाई तिनी आफू आदम र हव्वाको सन्तानको रूपमा जन्मिएको थाहा थियो ।
- हनोकलाई तिनी आफू अदनको बगैँचाभन्दा बाहिर जन्मिएको थाहा थियो ।
- हनोकलाई तिनी आफू पापमा जन्मिएको कुरा थाहा थियो ।
- हनोकलाई तिनीहरू मृत्युमा जन्मिएको कुरा थाहा थियो ।

९. हनोकले परमेश्वरको बारेमा के थाहा पाए ?
- हनोकलाई परमेश्वर पवित्र हुनुहुन्थ्यो भन्ने थाहा थियो ।
- हनोकलाई परमेश्वरले सबै पापको दण्ड मृत्यु दिनुहुन्छ भन्ने थाहा थियो ।
- हनोकलाई केवल परमेश्वरले मात्रै तिनलाई बचाउन सक्नुहुन्छ भन्ने थाहा थियो ।
- हनोकलाई परमेश्वरले मानिसहरूलाई शैतानबाट बचाउन एकजना उद्धारकर्ता पठाउनुहुन्छ भन्ने विश्वास थियो ।

१०.हनोकमाथि कस्तो अचम्मको घटना घट्यो ?
- परमेश्वरले हनोकलाई आफूसँगै स्वर्गमा रहनलाई लानुभयो ।

११. स्वर्ग कस्तो छ ?
- स्वर्ग भनेको सुन्दर ठाउँ हो जहाँ उदासी र आँशु, बिमारी र मृत्यु हुँदैन ।

१२. परमेश्वरले हनोकलाई किन स्वर्गमा लानुभयो ?
- किनभने हनोकले परमेश्वरको आज्ञा माने ।
- किनभने हनोक परमेश्वरकहाँ परमेश्वरको मार्ग भएर मात्रै गए ।

- परमेश्वरले हनोकलाई स्वर्गमा लगिसकेपछि धेरै वर्ष बितेर गए र संसारमा धेरै मानिसहरू जन्मिए ।
- शेत र हनोकका दरसन्तानहरूले परमेश्वरको आज्ञा माने जबकी अरू मानिसहरूले शैतानको कुरा सुने ।

आउनुस् उत्पत्ति ६:१-२ पद पढौं ।

1पृथ्वीमा जब मानिसहरूको संख्या बढ्दै गयो, तिनीहरूले कन्याहरूलाई जन्म दिए।
2परमेश्वरका छोराहरूले ती मानव कन्याहरूलाई मन पराए। यसकारण परमेश्वरका छोराहरूले आफूले रोजेका केही कन्याहरूलाई विवाह गरे।

- परमेश्वरका छोराहरू को थिए ?

- शेतको वंशबाट जन्मिएकाहरू परमेश्वरका छोराहरू थिए ।
- तिनीहरू ती मानिसहरू थिए जसले परमेश्वरमा विश्वास गर्थे ।

- मानिसका छोरीहरू को थिए ?
- तिनीहरू कयिनको वंशबाट जन्मिएका छोरीहरू थिए ।
- तिनीहरू ती स्वास्नीमानिसहरू थिए जसले परमेश्वरमा विश्वास गर्दैनथे ।

- कयिनको वंशबाट जन्मिएका छोरीहरूलाई शेतको वंशबाट जन्मिएका छोराहरूले के गरे ?

- शेतको वंशबाट जन्मिएका छोराहरूले कयिनको वंशबाट जन्मिएका छोरीहरूलाई विवाह गर्न थाले ।

- त्यो मानिस जसले परमेश्वरमा विश्वास गर्थ्यो त्यसले परमेश्वरमा विश्वास नगर्ने नारी विवाह गर्न थाल्यो ।

- जब शेतको वंशमा जन्मिएका छोराहरूले कयिनको वंशमा जन्मिएका छोरीहरू विवाह गर्न थाले त्यसपछि के भयो ?

- धैरैभन्दा धैरै मानिसहरूले परमेश्वरको कुरा सुन्न चाहेनन् ।
- धैरैभन्दा धैरै मानिसहरूले खाली शैतानको कुरा माने ।

- धैरैभन्दा धैरै मानिसहरूले परमेश्वरको मार्ग पछ्याएनन् ।
- धैरैभन्दा धैरै मानिसहरूले खाली तिनीहरूकै बाटो पछ्याए ।

- धैरैभन्दा धैरै मानिसहरूले परमेश्वरको कुरा सुन्न छोडेपछि परमेश्वर प्रसन्न हुनुभयो होला भनी तपाईं विचार गर्नुहुन्छ ?

आउनुस् उत्पत्ति ६:३ पद पढौं ।

3 तब परमेश्वरले भन्नुभयो, “तिनीहरू मरणशील भएकाले मानव रुपमा लामो समयसम्म बाँच्ने छैनन्। तिनीहरूको आयु केवल 120 बर्षसम्म मात्र हुने छ।”

- धैरैभन्दा धैरै मानिसहरूले परमेश्वरको कुरा सुन्न छोडेपछि परमेश्वर प्रसन्न हुनुभएन ।

- परमेश्वर मानिसले उहाँलाई सुनेको किन चाहनुहुन्थ्यो ।
- ताकि मानिसहरू विनाश नहोऊन् ।

- त्यसैकारणले परमेश्वरले भन्नुभयो उहाँ अब मानिसहरूसँग केवल १२० वर्ष मात्रै बोल्नुहुनेछ ।
- यदि अझै पनि मानिसहरूले परमेश्वरको मार्ग पछ्याउन अस्वीकार गरिरहेका थिए भने परमेश्वरले के गर्नुहुने थियो ।
- परमेश्वरले तिनीहरूलाई मृत्युको दण्ड ल्याउनुहुनेथियो ।

- परमेश्वर मानिसहरूसँग कसरी कुरा गर्नुहुँदैथियो ?

- पवित्र आत्मा परमेश्वर तिनीहरूसँग तिनीहरूको समझमा कुरा गर्नुहुँदैथियो ।

- पवित्र आत्मा परमेश्वरले मानिसहरूलाई के भन्नुभयो ?

- पवित्र आत्मा परमेश्वरले मानिसहरूलाई परमेश्वरको कुरा सुन्न तर शैतानको कुरा नसुन्न भनिरहनुभएको थियो ।

- पवित्र आत्मा परमेश्वरले मानिसहरूलाई परमेश्वरको मार्ग पछ्याउन तर तिनीहरूको आफ्नै बाटोमा नहिँड्न पनि भनिरहनुभएको थियो ।

- के शैतान पनि मानिसहरूको समझसँग कुरा गरिरहेको थियो ?
-  हो, थियो ।

- शैतानले मानिसहरूलाई के भन्यो ?

- शैतानले मानिसहरूलाई परमेश्वरको कुरा नसुन्न भन्यो ।

- शैतान मानिसहरूले परमेश्वरको कुरा सुनेको किन मन पराउँदैन ?

- शैतान मानिसहरूले परमेश्वरको कुरा सुनेको मन पराउँदैन किनभने ऊ मानिसहरू विनाश होऊन् भन्ने चाहन्छ ।

- यदि तपाईंले तपाईंको समझमा परमेश्वरले बोलेको कुरा सुन्न इन्कार गर्नुभयो भने तपाईंलाई परमेश्वरले दण्ड दिनुहुनेछ ।
- के शैतानको कुरा सुन्नुभन्दा परमेश्वरको कुरा सुन्नु उत्तम होइन र ?

- यद्यपि पवित्र आत्मा परमेश्वर मानिसहरूसँग कुरा गरिरहनुभएको थियो तर के तिनीहरूले परमेश्वरको कुरा सुने ?

आउनुस् उत्पत्ति ६:११ पद पढौं ।

11 परमेश्वरको नजरमा पृथ्वी भ्रष्ट थियो। मानिसहरूले पृथ्वीमा हिंसा ब्याप्त पारेका थिए।

- यद्यपि पवित्र आत्मा परमेश्वर मानिसहरूसँग कुरा गरिरहनुभएको थियो तर धेरैजसो मानिसहरूले परमेश्वरको कुरा सुन्न इन्कार गरिरहेका थिए ।

- अनि पृथ्वी तिनीहरूको हिंसाले भरियो ।

- नोआको समयका मानिसहरू कस्ता थिए ?

- तिनीहरू स्वार्थी थिए ।
- तिनीहरू लोभी थिए ।

- तिनीहरू अरूको डाह गर्थे ।
- तिनीहरू अरू मानिसहरूलाई छक्याउँथे ।

- तिनीहरू अरू मानिसहरूसँग झूठो बोल्थे ।
- तिनीहरू अरू मानिसहरूसँग दुष्ट कुरा बोल्थे ।
- तिनीहरू अरू मानिसहरूलाई घृणा गर्थे ।

- तिनीहरू अधर्मी थिए ।
- तिनीहरू हिंस्रक थिए ।
- तिनीहरू अरू मानिसहरूसँग लडाइँ गर्थे ।
- तिनीहरूले धेरै मानिसहरूको हत्या गरे ।

- तिनीहरूले परमेश्वरको मार्ग चाहेनन् ।
- तिनीहरूले केवल तिनीहरूको आफ्नै बाटो चाहे ।
- के अहिलका मानिसहरू नोआको समयका मानिसहरूजस्तै छन् ?
- हो, छन् ।

- के अहिलेका मानिसहरू स्वार्थी र लोभी छन् ?

- हो, छन् ।

- के आजका मानिसहरू अरूसँग झूठो बोल्छन् र अरूलाई दुष्ट्याँइ गर्छन् ?
- हो, गर्छन् ।

- के आजका मानिसहरू अरूसँग लडाइँ गर्छन् र अरूको हत्या गर्छन् ?
- हो, गर्छन् ।

- ती मानिसहरू पापमा जन्मिएका थिए किनभने तिनीहरू आदम र हव्वाका दरसन्तानहरू थिए ।

- आजका मानिसहरू पापमा जन्मिएका छन् किनभने तिनीहरू पनि आदम र हव्वाका दरसन्तानहरू हुन् ।

- सबै मानिसहरू पापमा जन्मिन्छौं किनभने हामीहरू सबै आदम र हव्वाका दरसन्तानहरू हौं ।

- के परमेश्वरले मानिसहरूको पाप देख्नुभयो ?

आउनुस् उत्पत्ति ६:५ र १२ पद पढौं ।

[5] परमप्रभुले देख्नु भयो पृथ्वीका मानिसहरूमा दुष्टता अत्यन्तै धेरै थियो अनि तिनीहरूले मनमा जे चिताउँद थिए सधैं विचारहरू नै दुष्टपूर्ण हुन्थ्यो।
[12] परमेश्वरले पृथ्वीमा देख्नु भयो पृथ्वीका मानिसहरूले आफ्नो जीवन भ्रष्ट पारेकोले पृथ्वी नै नष्ट भएको थियो।

- हो परमेश्वरले तिनीहरूका सबै पापहरू देख्नुभयो ।

- परमेश्वर हरेक पापलाई देख्नुहुन्छ ।

- कसैले पनि परमेश्वरबाट कुनै पाप लुकाउन सक्दैन किनभने परमेश्वर जहाँसुकै हुनुहुन्छ ।

- परमेश्वर सबै पाप देख्नुहुन्छ र सबै पापलाई दण्ड दिनुहुन्छ ।

- परमेश्वर सबै पापहरू देख्नुहुन्छ र ती सबै पापहरूलाई मृत्युको दण्ड दिनुहुन्छ ।

- मानिसका सबै पापहरू देखेर परमेश्वरले के विचार गर्नुभयो ?

आउनुस् उत्पत्ति ६:६-७ पद पढौं ।

[6] अनि परमप्रभु पृथ्वीमा मनुष्य जाति सृष्टि गरेकोमा दुःखी हुनुभयो। त्यसले परमप्रभुलाई हृदयबाट नै दुःखी तुल्यायो। [7] तब परमप्रभुले भन्नुभयो, “पृथ्वीबाट नै यी मानिसहरूलाई म ध्वंश पार्ने छु। म मानिस, घस्रने र अन्य पशुहरू अनि आकाशमा उड्ने चराहरू जे मैले सृष्टि गरें म सबैलाई ध्वंश पार्नेछु।”

- सबै मानिसहरूले गरेका पापहरू देखेर परमेश्वर एकदमै दुखी हुनुभयो ।

- किनभने पृथ्वी मानिसहरूले गरेका पापले भरिएको थियो त्यसैले परमेश्वरले के गर्ने निर्णय गर्नुभयो ?

- परमेश्वरले पृथ्वीमा रहेका सबै मानिसहरूको विनाश गर्ने निर्णय गर्नुभयो ।

- किनभने पृथ्वी मानिसहरूले गरेका पापले भरिएको थियो त्यसैले परमेश्वरले पृथ्वीमा भएका सबै जीवित जनावहरूको विनाश गर्ने निर्णय गर्नुभयो ।

- के तपाईं परमेश्वरले खाली कुरा मात्रै गर्नुभएको हो भनी ठान्नुहुन्छ ?

- अथवा तपाईं परमेश्वरले जे बोल्नुहुन्छ त्यो गर्नुहुन्छ भनी ठान्नुहुन्छ ?

- परमेश्वरले आदम र हव्वालाई यदि तिनीहरूले उहाँले मनाही गर्नुभएको रूखको फल खाए भने तिनीहरू मर्नेछन् भन्नुभयो ।

- परमेश्वरले खाली कुरा मात्रै गर्नुभएको थियो वा उहाँले जे भन्नुभयो त्यो गर्नुभयो ?
- परमेश्वरले जे बोल्नुभएको थियो त्यो गर्नुभयो ।

- परमेश्वरले कयिन र हाबिललाई तिनीहरू उहाँको सामुन्ने परमेश्वरकै मार्ग भएर आउनुपर्छ भन्नुभए नभए तिनीहरू अस्वीकृत हुन्छन् भन्नुभयो ।

- परमेश्वरले खाली कुरा मात्रै गर्नुभएको थियो वा उहाँले जे भन्नुभयो त्यो गर्नुभयो ?

- परमेश्वरले जे बोल्नुभएको थियो त्यो गर्नुभयो ।

- परमेश्वर मानिसहरूजस्तो हुनुहुन्न ।

- मानिसहरू केही कुरा गर्छु भन्छन् तर त्यसपछि तिनीहरू त्यो गर्दैनन् ।

- परमेश्वर भने मानिसहरूजस्तो हुनुहुन्न ।
- उहाँले गर्छु भन्नुभएको कुरा उहाँ गरेरै छोड्नुहुन्छ ।

- किनभने परमेश्वरले हामीलाई प्रेम र करुणा देखाउनुभएको हुनाले त्यहाँ एकजना मानिस थिए जसलाई परमेश्वरले विनाश गर्नबाट जोगाउनुहुँदै थियो ।

आउनुस् उत्पत्ति ६:८-१० पद पढौं ।

[8]तर नूहले परमप्रभुलाई खुशी तुल्याए। [9]यो नूहको पारिवारीक इतिहास हो। नूह उसको जीनवनभरि एकजना असल व्यक्ति थिए। नूहले सधैँ परमेश्वरको अनुशरण गर्द थिए। [10]नूहका तीन छोराहरू शेम, हाम र येपेत नाउँ भएका थिए।

- नोआको विनाश गर्नुहुँदैन भनी परमेश्वरले किन निर्णय गर्नुभयो ?
- यसकारणले कि नोआले पाप गरेका थिएनन् ?
- अहँ, होइन ।

- नोआ पनि अरू मानिसहरूजस्तै पापमै जन्मेका थिए ।
- नोआ पनि अरू मानिसहरूजस्तै शैतानको दास भएर जन्मेका थिए ।

- परमेश्वरले किन नोआको विनाश गर्नुहुँदैन भनी निर्णय गर्नुभयो ?

- किनभने नोआले शैतानको कुरा सुनेनन् ।
- किनभने नोआले परमेश्वरको कुरा सुने ।

- किनभने नोआले तिनको आफ्नै बाटोमा हिँडेनन् ।

- किनभने नोआले केवल परमेश्वरको मार्गमात्रै पछ्याए ।

- किनभने नोआले उद्धारकर्ताको प्रतीक्षा गरिरहेका थिए ।

- परमेश्वरले किन नोआलाई बचाउने निर्णय गर्नुभयो ।

- किनभने नोआलाई आफू पापमा जन्मिएको थाहा थियो ।
- किनभने नोआलाई आफूले परमेश्वरको विरुद्धमा पाप गरेको कुरा थाहा थियो ।

- किनभने नोआलाई परमेश्वरले सबै पापको दण्ड मृत्यु दिनुहुन्छ भन्ने थाहा थियो ।

- किनभने नोआलाई केवल परमेश्वरले मात्रै तिनलाई बचाउन सक्नुहुन्छ भन्ने थाहा थियो ।

- किनभने नोआलाई परमेश्वरले तिनको पापबाट तिनलाई बचाउन उद्धारकर्ता पठाउनुहुन्छ भन्ने थाहा थियो ।
- किनभने परमेश्वरको अनुग्रहको कारणले गर्दा परमेश्वरले नोआको विनाश नगर्ने निर्णय गर्नुभयो ।

- अनुग्रह के हो ?

- यहाँ एउटा उदाहरण छ ।

- एकजना चोरले उसको छिमेकीको घरमा धैरैपटक चोरी गऱ्यो ।
- एकदिन त्यस चोरलाई नदीको बाढीले बगायो ।
- चोर बाढीमा परेर डुब्नै लागेको थियो ।

- तर उसको छिमेकीले चोरलाई देख्यो र उसलाई नदीबाट तानेर पाखामा ल्याई उद्धार गऱ्यो ।

- यद्यपि चोरले धैरै पटक चोरी गरेको थियो तर छिमेकीले उसको उद्धार गऱ्यो ।

- यद्यपि चोर बाढीमा बग्नकै लायक थियो तर छिमेकीले उसको उद्धार गऱ्यो ।

- अनुग्रह यही हो ।
- यदि हामीले केवल उहाँमा मात्रै विश्वास गऱ्यौं भने यसरी उहाँले हाम्रो उद्धार गर्नुहुन्छ ।
- किनभने नोआले परमेश्वरमा विश्वास गरेको कारणले परमेश्वरले नोआलाई बचाउने निर्णय गर्नुभयो, परमेश्वरले नोआलाई एउटा आज्ञा दिनुभयो ।

आउनुस् उत्पत्ति ६:१३-१४ पद पढौं ।

13 तब परमेश्वरले नूहलाई भन्नुभयो, “मानिसहरूको हिंसाले पृथ्वी भरिएकोले यसमा भएका सबै
प्राणीहरूलाई नष्ट पार्न मैले निर्णय लिएँ। यसर्थ पृथ्वीसितै तिनीहरू सबैलाई म झट्टै नष्ट
पार्नेछु। 14 तैंले गोपेर काठको एउटा जहाज बनाउनु र त्यसमा कोठाहरू बनाउनु र त्यसको भित्र र
बाहिर पट्टी अलकत्राले लिप्नु।

- परमेश्वरले नोआलाई के गर्ने आज्ञा दिनुभयो ?
- परमेश्वरले नोआलाई एउटा डुङ्गा बनाउने आज्ञा दिनुभयो ।

- परमेश्वरले नोआलाई किन डुङ्गा बनाउने आज्ञा दिनुभयो ?
- किनभने परमेश्वरले पृथ्वीमा भएका सबै जीवजीवातहरूको विनाश गर्न बाढी पठाउनु हुँदैथियो ।

- परमेश्वरले नोआलाई डुङ्गा कसरी बनाउने भन्ने बारेमा धेरै आज्ञाहरू दिनुभयो ।

आउनुस् उत्पत्ति ६:१५-२१ पद पढौं ।

15 "त्यो जहाज 300 हात लामो, 50 हात चौंडा र 30 हात अल्गो बनाउनु र 16 त्यसमा छाना लगाउनु।
तब छानाको एक हात तल झ्याल बनाउँनु। त्यस जहाजको एकापट्टी एउटा ढोका राख्नु र त्यसमा
पहिलो, दोस्रो र तेस्रो तला बनाउनु।

17 "मेरो भागमा म यस धर्तीका सबै प्राणीहरूको सर्वनाश पार्न खतरनाक बाढी ल्याइरहेको छु।
सजीव वस्तुहरू मर्नेछन्। 18 तर म तँसँग एउटा करार गर्नेछु। जहाज भित्र पस्दा तैंले आफूसँग
आफ्नो छोराहरू, पत्नी, अनि बुहारीहरू लानु। 19 अनि आफूसँग प्रत्येक जोडी जीवित प्राणी जहाज
भित्र लानु, ती जीवित प्राणीहरू सबै भाले-पोथीको जोडी होस् र तिनीहरू पनि तिमीहरूसितै
बाँचिरहुन्। 20 जीवन रक्षाको निम्ति प्रत्येक जातका पशु चरा र घस्रने प्राणीहरू त्यहाँ तिमीहरूसित
रहनेछन्। 21 अनि तेरो भागमा सबै प्रकारको खाद्य सामग्री भोजनको लागि जम्मा गर्नु। तेरो र ती
सब प्राणीहरूका निम्ति भोजन हुनेछ।"

- परमेश्वरले नोआलाई डुङ्गा उहाँले भनेकै लम्बाइअनुसारको बनाउन भन्नुभयो ।

- परमेश्वरले नोआलाई डुङ्गा उहाँले भनेकै चौडाइअनुसारको बनाउन भन्नुभयो ।

- परमेश्वरले नोआलाई डुङ्गा उहाँले भनेकै उचाइँअनुसारको बनाउन भन्नुभयो ।

- के परमेश्वरले नोआले डुङ्गा तिनको इच्छाअनुसार बनाऊन् भन्ने चाहनुभयो ?
- अहँ, चाहनुभएन ।

- परमेश्वरले नोआले तिनको आफ्नो तरिकाअनुसार डुङ्गा बनाऊन् भन्ने चाहनुभएन ।

- परमेश्वरले नोआले कसरी डुङ्गा बनाऊन् भन्ने चाहनुभयो ?
- परमेश्वरले भन्नुभएस्तै ठ्याक्कै ।

- परमेश्वरले नोआले डुङ्गा उहाँले भन्नुभएजसरी नै बनाऊन् भन्ने चाहनुभयो ।

- परमेश्वरले नोआले डुङ्गा परमेश्वरको तरिकाबाट मात्रै बनाऊन् भन्ने चाहनुभयो ।

- आदम र हव्वाका लुगाहरू परमेश्वरको तरिकाबाट मात्रै बनाइएका थिए ।

- कयिन र हाबिलले चढाउन ल्याएका बलिदानहरू परमेश्वरको तरिकाबाट मात्रै ल्याइएका थिए ।

- त्यसैले नोआको डुङ्गा पनि परमेश्वरको तरिकाबाट मात्रै बनिनुपर्थ्यो ।

- परमेश्वरले नोआलाई कतिवटा डुङ्गा बनाउन भन्नुभयो ?
- केवल एउटा ।

- त्यहाँ केवल एउटा मात्रै डुङ्गा थियो जसमा नोआ सुरक्षित हुन्थे ।

- नोआलाई बचाउनको निम्ति त्यहाँ कुनै अर्को डुङ्गा थिएन ।

- डुङ्गामा कतिवटा ढोका बनाउन परमेश्वरले नोआलाई आदेश दिनुभयो ?
- केवल एउटा ।

- त्यहाँ केवल एउटा ढोकाबाट थियो जसबाट नोआ छिर्न सक्थे र बाँच्थे ।

- त्यहाँ कुनै अरू ढोका थिएन जसबाट नोआ भित्र छिर्न सक्थे र बाँच्थे ।

- नोआले पमेश्वरको आज्ञा माने भनी तपाईं ठान्नुहुन्छ ?

आउनुस् उत्पत्ति ६:२२ पद पढौं ।

22 परमेश्वरको आज्ञा अनुसार नूहले सबै काम पूरा गर्यो।

- नोआले परमेश्वरमा विश्वास गरे ।
- नोआले परमेश्वरले ढाँट्नुहुन्न भन्ने विश्वास गरे ।
- नोआले परमेश्वरले भन्नुभएजस्तै उहाँले बाढी पठाउनुहुन्छ भनी विश्वास गरे ।
- त्यसकारण नोआले परमेश्वरले भन्नुभएजस्तै ठ्याक्कै नापको डुङ्गा बनाए ।
- यद्यपि नोआले त्यसअघि कहिल्यै वर्षा भएको देखेका थिएनन्, तर नोआले के विश्वास गरे ?
- यही कि परमेश्वरले बाढी पठाउनुहुनेछ ।
- यद्यपि पृथ्वीमा त्यसबेला भएका कसैले पनि वर्षा भएको देखेका थिएनन् तर पनि नोआले के विश्वास गरे ?
- यही कि परमेश्वरले बाढी पठाउनुहुनेछ ।
- डुङ्गा बनाउने क्रममा नोआले के गरे ?

- डुङ्गा बनाइरहँदा नोआले मानिसहरूलाई परमेश्वरको कुरा सुन्न भने ।
- डुङ्गा बनाइरहँदा नोआले मानिसहरूलाई परमेश्वरमा विश्वास गर्न भने ।
- डुङ्गा बनाइरहँदा नोआले मानिसहरूलाई परमेश्वरले पृथ्वीको विनाश गर्न बाढी पठाइरहनुभएको छ भने ।
- अहिले मैले तपाईंहरूलाई परमेश्वरको बारेमा भनेजस्तै नोआले पनि मानिसहरूलाई परमेश्वरको बारेमा भनेका थिए ।
- के तपाईं मानिसहरूले नोआको कुरा सुने भन्ने विचार गर्नुहुन्छ ?
- यो कुरा हामी अर्को पाठमा जान्ने छौं ।